नेपाल सरकार
# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## BIMSTEC Sub-Group on Prevention of Illicit Trafficking in Narcotic Drugs, Psychotropic Substances and Precursor Chemicalsको पाँचौं बैठक काठमाडौंमा सम्पन्न

१. यहि मिति २०७५।२।०९ गते (तदअनुसार २३ मे २०१८) BIMSTEC Sub-Group on Prevention of Illicit Trafficking in Narcotic Drugs, Psychotropic Substances and Precursor Chemicals को पाँचौं वैठक सम्पन्न भएको छ ।

२. काठमाण्डौको दरवार मार्ग स्थित होटल याक एण्ड यति मा बिहान ९:३० बजे सुरू भएको सो बैठकको शुभारम्भ गर्दै गृह मन्त्रालयका निमित्त सचिव श्री केदार न्यौपानेले स्वागत मन्तव्य राखु भएको थियो । उक्त बैठकमा BIMSTEC का सदस्य मुलुकहरू क्रमश वंगलादेश, भुटान, भारत, म्यानमार, नेपाल, श्रीलंका र थाइलैण्ड तथा BIMSTEC Secretariat का प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

३. सो बैठकको Working Session को अध्यक्षता गृह मन्त्रालयका सहसचिव तथा मुख्य औषध नियन्त्रण अधिकारी श्री नारायण प्रसाद शर्मा दुवाडीले गर्नु भएको थियो । बैठकमा BIMSTEC Secretariat का निर्देशक Pankaj Hazarika ले कार्यक्रमको सहजीकरण गर्नुका साथै $4^{th}$ Meeting पश्चात हाल सम्मको कार्य प्रगति चुनौति र संभावना बारेमा BIMSTEC Secretariat को तर्फबाट प्रस्तुतीकरण गर्नु भएको थियो । त्यसै गरी UNODC (ROSA) को तर्फबाट Devendra Dutt ले South Asian Regional Intelligence and Coordination Center on Transnational Organized Crime (SARICC) मा BIMSTEC को संभावित सहभागिता र सहयोग बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो । साथै BIMSTEC का ७ वटै मुलुकका प्रतिनिधिले आ-आफ्नो मुलुकको तर्फबाट Country Presentation गर्नु भएको थियो ।

सह-सचिव

४. नेपालको प्रतिनिधिमण्डलको प्रतिनिधित्व गर्दै लागू औषध नियन्त्रण व्यूरो (NCB)का प्रमुख प्रहरी नायब महानिरीक्षक श्री ठूले राईले Illicit Trafficking in Narcotic Drugs, Psychotropic Substances and Precursor Chemicals सम्बन्धमा नेपालको नीतिगत, कानूनी, संस्थगत तथा कार्यक्रमगत व्यवस्थाको झलक प्रस्तुत गर्नु भएको थियो । सो प्रस्तुतिकरणमा लागू औषधको आपूर्ति नियन्त्रण, माग घटाउ, क्षति न्यूनीकरण सम्बन्धमा भएका कार्य प्रगति, विद्यमान चुनौति र भावी रणनीतिका सम्बन्धमा सुझाव समेत समेटिएको थियो ।

५. ११ अगष्ट २०१७ मा काठमाण्डौमा सम्पन्न मन्त्रीस्तरीय बैठकबाट BIMSTEC Sub-Group on Prevention of Illicit Trafficking in Narcotic Drugs, Psychotropic Substances and Precursor Chemicals को अनुमोदित कार्यशर्त (ToR) बमोजिम सदस्य राष्ट्रहरू बीच Capacity Building, Information Sharing लगायतका संभाव्य सहयोग, सहकार्य र समन्वयका क्षेत्र सम्बन्धमा बैठकका सहभागीहरू बीच छलफल भएको थियो ।

६. BIMSTEC सदस्य मुलुकहरूले Illicit Trafficking in Narcotic Drugs, Psychotropic Substances and Precursor Chemicals को आपूर्ति नियन्त्रण, माग घटाउ तथा क्षति न्यूनीकरणमा भएका गतिबिधि लगायतका सामग्रीहरू समावेश गरी लागू औषध दुरूपयोग तथा अवैध ओसार पसार विरूद्धको अन्तर्राष्ट्रिय दिवश २६ जुन का दिन BIMSTEC Secretariat ले बुलेटिन प्रकाशन गर्ने सहमति सहित प्रतिवेदन पारित भएको छ ।

सह-सचिव